# कोशी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय

लौकही, सुनसरी
कोशी प्रदेश, नेपाल

प.सं.: २०७९/०८०

मितिः २०८०।०२।१७

च.नं.: २१३६

विषय:- गैर सरकारी संस्था तथा गाउँपालिकासँग साझेदारी गर्न इच्छुक संस्थाले कार्ययोजना पेश गर्ने सम्वन्धी सूचना ।

प्रस्तुत विषयमा स्थानीय तहहरुले प्रत्येक वर्षको असार १० गतेभित्रमा नीति तथा कार्यक्रम र बजेट ल्याउनु पर्ने व्यवस्था रहेकाले कोशी गाउँपालिकाले पनि आ.व. २०८०/०८१ को नीति तथा कार्यक्रम र बजेट निर्माणको तयारी गरिरहेको छ। बजेट निर्माणका क्रममा गाउँपालिकाले वार्षिक रुपमा प्राप्त हुने सम्पूर्ण आयलाई एकिन गरी सोही आय रकम बराबरको योजना तथा कार्यक्रम तय गर्ने भएकाले एक पटक बजेट निर्माण गरे पश्चात बजेटमा नसमेटिएका योजना तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सकिदैन् । कोशी गाउँपालिकाले विगत वर्षदेखि गैरसरकारी क्षेत्र तथा नीजि क्षेत्रसँग सहकार्य गरी विभिन्न कार्यक्रमहरु गर्दै आएको सर्वविदितै छ र चालु आ.व. मा समेत गाउँपालिकाले लिएको लक्ष्यसँग मेल खाने प्रस्तावहरु आएमा गाउँपालिका त्यस्ता पक्षहरूसँग सहकार्य गर्न तयार रहेकै छ। तसर्थ, आगामी आ.व. २०८०/०८१ मा गाउँपालिकासँग सहकार्य गरी योजना तथा कार्यक्रम सञ्चालन गर्न इच्छुक गैरसरकारी संस्थाहरु, सहकारी संस्थाहरु, नीजि क्षेत्रले आफूले साझेदारी गर्न चाहेको क्षेत्र तथा साझेदारी गर्न सक्ने रकम समेत खुलाई यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा आफ्नो प्रस्ताव पेश गर्नुहुन सूचित गरिन्छ। तोकिएको म्याद भित्र प्रस्ताव पेश नगर्ने संस्थाहरुसँग आगामी आ.व. मा गाउँपालिकाले साझेदारी गर्न नसक्ने व्यहोरा समेत यसै सूचना मार्फत जानकारी गराईन्छ।

| | | |
|---|---|---|
| चोलाराज दंगाल | अनितादेवी यादव | ऐयुव अंसारी |
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

ऐयुव अंसारी
अध्यक्ष

Scanned with MOBILE SCANNER